# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. २०७८।०७९
च.नं. ६३०९

मिति २०७९।०३।१६

विषयः स्तर बृद्धिको लागि आबेदन दिने सम्बन्धी सूचनां ।

उपर्युक्त विषयमा बागमति प्रदेश सरकारबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ मा भएको व्यवस्था बमोजिम तह बृद्धिको लागि आवश्यक योग्यता र सेवा अबधि पुगेका यस कार्यालय र अन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीहरुले यस कार्यालयको मिति २०७९।०३।१६ को निर्णयानुसार स्तर बृद्धिको लागि देहायका सम्पुर्ण कागजातहरु सहित १५(पन्ध्र) दिन भित्र यस रत्ननगर नगरकार्यपालिकाको कार्यालयमा निबेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

क। तह बृद्धिका लागि आवश्यक योग्यता र मापदण्ड :

१, तह बृद्धि हुने पद भन्दा एक तहको मुनिको पदमा पाँच बर्ष स्थायी सेवा पुगेको खुल्ने कागजातहरु ।
२, तह बृद्धिका लागि अध्यादेशमा तोकिए बमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
३, पछिल्लो पाच बर्षको कार्य सम्पादन मुल्यांकनमा औषत पन्चानव्वे प्रतिसत अंक प्राप्त गरेको का.स.मु. फारम ।

ख) यस कार्यालय वा अन्तर्गत चौथो तहमा कार्यरत स्थायी कर्मचारीहरुले पनि सोहि अध्यादेशको दफा ९ बमोजिम तह बृद्धिको लागि समेत सोहि अबधि भित्र निबेदन पेश गर्नु हुन ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत